# FORWARD
फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubittiya Bittiya Sanstha Ltd

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था – (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय, दुहवी सुनसरी
फोन नं. ०२५-५४१००१८, फ्याक्स नं. ०२५-५४१४८३

## दशौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०९/०९)

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९/०९/०८ गते बसेको १३२ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको दशौं वार्षिक साधारणसभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न तपसिलमा उल्लेखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७९ पौष ३० गते शनिबार (तदनुसार १४ जनवरी, २०२३)
समय : बिहान ११.०० बजे
स्थान : दिनेश चौधरी स्मृति प्रतिष्ठानको सभाहल, दुहवी, सुनसरी ।

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसुचिहरु उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को कारोबारको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.८४,४४,५०,९८७/५० को ५% ले हुने नगद लाभांश रु.४,२२,२२,५४९/३७ (नगद लाभांश तथा बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।
५. वित्तीय संस्थाको सञ्चालक समितिमा संस्थापक व्यक्तिगत शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको पद रिक्त भएकोमा सो स्थानमा बाँकी कार्यकालका लागि सञ्चालक नियुक्ति/अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/०७९ सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु. ८४,४४,५०,९८७/५० को २५ प्रतिशतका दरले हुन आउने रु. २१,११,१२,७४६/८८ बराबरको बोनस शेयर जारी गर्ने ।
२. वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने ।
३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा तथा नियमहरुलाई संशोधन गर्ने ।
४. यस वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने प्रयोजनकालागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सोका आधारमा सैद्धान्तिक स्वीकृतिकालागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने लगाएतका सो सम्बन्धी आवश्यक कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।
५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै शंसोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**दशौं बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी**

१. बार्षिक साधारणसभा प्रयोजनकालागि मिति २०७९/०९/१७ गते यस वित्तीय संस्थाको शेयर दाखिला खारेज किताब बन्द रहनेछ । मिति २०७९/०९/१४ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई २०७९/०९/२० गतेसम्ममा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबी क्यापिटल, काठमाण्डौमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले साधारणसभामा भाग लिन योग्य हुनु हुनेछ ।
२. सभामा प्रवेशका लागि शेयरधनी महानुभावहरुले आफ्नो कुनै परिचय पत्र सहित शेयरधनी नं. वा वित्तीय संस्थाको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनीको हकमा BOID (हितग्राहि परिचय नम्बर) प्रस्तुत गर्नु पर्नेछ ।
३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थानमा सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु पर्नेछ । हाजिरी किताव सो दिन बिहान १० बजेदेखि खुल्ला रहनेछ ।
४. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्ती भई आउने व्यक्ति वित्तीय संस्थाको शेयरधनी मध्ये बाट नै हुनु पर्नेछ । प्रोक्सी फर्म सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी सुनसरीमा दर्ता गराउनु पर्नेछ । प्रोक्सी फारम यस वित्तीय संस्थाको वेवसाइट www.forwardmfbank.com.np बाट प्राप्त गर्न सकिनेछ । एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रोक्सी दिएमा पछि दर्ता हुन आउने प्रोक्सी बदर हुनेछ ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी आफै सभामा उपस्थित हुन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै यस वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय, दुहवी, सुनसरीमा प्राप्त हुने गरी सो को सुचना पठाउनु पर्नेछ ।
६. नावालक वा अशक्त शेयरधनीको तर्फबाट लगत किताबमा उल्लेखित संरक्षकले मात्र सभामा भाग लिन, मतदान गर्न, प्रोक्सी दिन सक्नु हुनेछ ।
७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फारममा संस्थाको छाप र आधिकारीक दस्तखत हुनु पर्नेछ ।
८. विविध शीर्षक अन्तर्गत गर्नु पर्ने छलफलका विषयबारे सभा हुने दिनभन्दा ७ दिन अगावै कार्यालय समयभित्र अध्यक्षज्यूलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी सुनसरीमा लिखित जानकारी दिनु पर्नेछ । उक्त लिखित जानकारीलाई औचित्यता हेरी छलफलमा समावेश गर्न सक्ने भएतापनि पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
९. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानून, नीति नियम तथा निर्देशन बमोजिम हुनेछ ।
१०. वार्षिक प्रतिवेदन सम्बन्धी विवरण र साधारणसभा सम्बन्धी अन्य जानकारीकालागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, दुहवी सुनसरीमा कार्यालय समयभित्र सम्पर्क राख्न वा यस वित्तीय संस्थाको वेवसाइट www.forwardmfbank.com.np बाट प्राप्त गरी लिन र हेर्न सकिनेछ ।
११. सभामा ब्याग तथा नावालक लिएर प्रवेश नगरिदिन हुन अनुरोध छ ।

***(विशेष अनुरोध : कोभिड १९ को नयाँ भेरियन्टका कारणले पर्न सक्ने सम्भावित असरलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नु पर्ने भनी तोकेका सम्पुर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्ने भएको ले बार्षिक साधारणसभामा उपस्थित हुन चाहनुहुने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका उपायहरु स्वयं आफैले पालना गर्नुपर्ने ब्यहोरा समेत अनुरोध छ ।)***